बैठक क्रम सख्याः प्रथम

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८०।०४।३२

स्थानः क्व्होलासोथार गाउँपालिका, वडा नं. २, मालिङ ।

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाअध्यक्ष | क्व्होलासोथार गा.पा. -४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. -१ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. -२ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. -३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. -४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. -५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. -६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. -७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. -८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. -९ | Hummraj |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -७ | |
| १८ | श्री त्रिलोक चन्द्र गुरुङ | प्रमुख प्रशासकिय अधिकृत | क्व्होलासोथार गा.पा. | |

१९. श्री दिपक राज पौडेल शिक्षा शाखा प्रमुख

20. श्री चिरञ्जीवी घले अधिकृत छैठौं

२१. अनिल पौडेल IT अफिसर

२२. गोपाल गुरुङ स्वकीय सचिव

२३. पशुपति [illegible] जे.ई. ,,

२४ श्री [illegible] कृषि शाखा

२५. कल्पना गुरुङ MIS अपरेटर

**प्रस्तावन नं. १ गरिबसँग बिशेश्वर कार्यक्रम संचालन सम्बन्धमा**

**निर्णय नं. १**

यस गाउँपालिकाको **"गरिबसँग बिशेश्वर कार्यक्रम"** कार्यक्रम कार्यान्वयन निर्देशिका (तेश्रो संसोधन) २०६६ बमोजिम हुने गरी कार्यान्वयन हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २ योजनाहरु उपभोक्ता समिती मार्फत गराउने सम्बन्धमा**

**निर्णय नं. २**

सङ्घीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय,सिंहदरबार,काठमाण्डौंको मिति २०८०।०४।१४ प.सं. २०८०/०८१ च.नं.५२ को पत्रानुसार "प्राविधिक कारणले पूर्व नतिजा आंकलन गर्न नसकिने तथा नवीनतम प्रविधिको प्रयोगबाट संचालन गर्नुपर्ने , प्राविधिक त्रुटी सच्याउने अवधि भित्र मर्मत सम्भार वा प्रतिस्थापन गर्न सकिने , जटिल र नितान्त प्राविधिक प्रकृतिका एवम् ठूला (हेभी) मेशिनहरु प्रयोग हुने निर्माण र खरिद जस्ता आयोजनाहरु संचालन गर्न उपभोक्ता समितिसँग प्राविधिक ज्ञान , शीप र औजारहरु समेत नहुने भएकोले उपभोक्ता समितिले पुनः ठेकेदार कम्पनी सँग सम्झौता गरी काम गर्ने गरेको हुँदा आयोजनाको गुणस्तर कायम नहुने , त्रुटी सच्याउने अवसर नहुने र खरिद प्रक्रियामा प्रतिस्पर्धा समेत नहुने भएकोले सार्वजनिक खरिद नियामावली, २०६४ को नियम ९७ मा भएको व्यवस्थालाई पूर्ण पालना गर्न एवम् यस्ता जटिल र प्राविधिक प्रकृतिका आयोजनाहरुको काम उपभोक्ता समिति मार्फत नगर्न नगराउने" भनि लेखि आएकोले यस गाउँपालिकाको कार्यपालिका बैठकमा जानकारी गरी सोही बमोजिम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ १५ शैय्या अस्पतालको निर्माणको म्याद थप गर्ने सम्बन्धमा**

**निर्णय नं. ३**

यस गाउँपालिकाको निर्माणाधिन १५ शैय्या अस्पतालको निर्माण म्याद यहि २०८०।०५।०९ मा समाप्त हुने भएको र निर्माण पक्षबाट (T.D.R.- Jaya Bageshwori Mata J.V.,Nepalgunj,Banke) विभिन्न कारणहरु देखाई एक बर्ष म्याद थप गरी पाउँ भनि निवेदन दिएको हुनाले सम्पूर्ण आवश्यक प्रक्रिया पुरा गरी ल्याए पश्चात निज निर्माणधिन कम्पनीको माग बमोजिम म्याद सकिएको मिति देखि नै लागु हुने गरी एक वर्ष म्याद थप्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ सवारी भाडादर निर्धारण सम्बन्धमा**

**निर्णय नं. ४**

जिल्ला सदरमुकाम बेसीशहर देखि यस गाउँपालिकामा र अन्तरपालिका भित्र संचालित सार्वजनिक सवारी साधनको समायोजित भाडादर निर्धारण गरी ७ दिन भित्र प्रतिवेदन बुझाउने गरी तपशिल वमोजिमको भाडादर निर्धारण समिति निर्माण गर्ने निर्णय गरियो ।

तपशिलः

संयोजकः श्री खुशीमान गुरुङ

कार्यापालिका बैठक २०८० श्रावण ३२ गते

सदस्यः श्री हुमराज गुरुङ

सदस्यः श्री गंगा घले

सदस्यः श्री हेमन्ता गुरुङ

सदस्य सचिवः श्री राजु परियार

प्रस्ताव नं ५ वडा नं २ मा कार्यालय सहयोगी माग गर्ने सम्बन्धमा

निर्णय नं ५

यस गाउँपालिका अन्तर्गत वडा नं २ मा कार्यरत कार्यालय सहयोगीले घरायसी कारण देखाई आफ्नो पदबाट राजिनामा दिएको हुदाँ सोही पदमा नयाँ कार्यालय सहयोगी नियमानुसार दरखास्त आव्हान गरी रिक्त पदमा पदपूर्ती गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६ विविध

निर्णय नं ६.१

यस गाउँपालिका क्षेत्र भित्र विगत केही दिन देखि यता भाईरल कन्जक्टिभाईटिस अर्थात आँखा पाक्ने रोगको संक्रमण महामारीको रुपमा फैलन शुरु गरेकोले समुदायमा यसको संक्रमणको अवस्था तथा विद्यालयमा यसको प्रभाव समेत विचार गरी विद्यालय व्यवस्थापन समितिको निर्णय गरी बार्षिक बिदाबाट कट्टी हुने गरी आवश्यकता अनुसार बढीमा ५ दिन विद्यालय बन्द गर्न सक्ने निर्णय गरियो ।

निर्णय नं ६.२ वडा स्तरमा मेलमिलापकर्ता सम्बन्धमा

यस गाउँपालिकाको प्रत्येक वडाहरुबाट २ जना मेलमिलापकर्ता वडाले छनौट गरी सिफारिस सहित गाउँपालिकामा पठाइ दिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ६.३ कर्मचारी व्यवस्थापन सम्बन्धमा

यस गाउँपालिकाको वडा नं ३ घलेगाउँ स्थित नागरिक आरोग्य सेवा केन्द्रमा हाल कार्यरत कार्यालय सहयोगी श्री अजय गुरुङ लाई यस गाउँपालिकाको स्रोतबाट तलब भत्ता मासिक १८,६६४/- (अठार हजार छ सय चौसठ्ठी रुपैया) उपलब्ध गराउने भनि साउन १ गतेबाट लागुहुने गरी असोज मसान्त करार सम्झौता गर्ने निर्णय गरियो । साथै कार्य सम्पादन सन्तोष जनक भएमा करार म्याद थप गर्न सकिने छ ।